# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 21 No 6 Monthly International Edition of Herald of His Coming June 2020
वर्ष २१, अङ्क ६ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असार, २०७७)


# रोप्नु अघि जोत्नु

## You must Plow Before You Saw

**By AE Reinschmidt**

"यहुदाका मानिसहरू र यरुशलेमलाई परमप्रभु यसो भन्नुहुन्छ : तिमीहरू बाँझो भूमिमा डल्ला फोर र काडाँहरूका बीचमा नछर ।" (यर्मिया ४ : ३) "जो रुँदै रुँदै बीउ बोकेर छर्न जान्छ, त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्कनेछ ।" (भजनसंग्रह १२६:६)

आत्मिक खेतमा जोत्ने भनेको प्रार्थनाद्वारा गरिन्छ । बीउ छर्नु भनेको 'वचनको सेवकाई'हो - प्रचार गर्ने, सिकाउने, साक्षी दिने आदि । यसैले प्रभुको पहिलो 'फसलका हातहरू' स्वर्गको कृषकको उदाहरण पर्छ याउदै भने, "तर हामी चाहि प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौ ।" (प्रेरित ६:४)

पहिले प्रार्थना गर्नुहोस । प्रार्थना भनेको वचन (बिउ)को सोवाको काम हो जो खेत वा बगैचामा रोपिन्छ । परमेश्वरको घर, एक समयमा 'प्रार्थनाको घर' अहिले प्रचार र धार्मिक शिक्षाको घर भएको छ । तर प्रार्थना नगरी पतनको मैदान (मानिसका पापी, स्वार्थी हृदय) लाई भत्काउन बिउ छर्नु बेकार हो किनकी वचनले प्रार्थना बिना कुनै असर देखाउन सक्दैन ।

जब हामी प्रार्थनाविहीन ओठले प्रचार गर्छौ, शिक्षा दिन्छौ र गवाही दिन्छौ तब राम्रो बिउ हराउँदछ । याद गर्नुहोस बाटोमा खसेको बिउलाई शैतानले पक्रियो । (मत्ती १३ : ४, १९) कहिले काही प्रार्थनाले कडा परिश्रम गर्नुपर्ने बनाउँदछ । कडा हृदय, भएका मानिसहरूलाई सु-समाचार प्रचार गर्न एकदमै गाह्रो छ । जब वचनको सेवकाइ अगाडि धेरै प्रार्थना हुन्छ, प्रचार गर्न सजिलो हुन्छ । तुलनात्मक रूपमा दक्षिण भारतको गाउका प्रमुख मानिसहरूले बीस वर्ष सम्म मिसिनेरी र उनको प्रचार प्रसारको कार्यमा विरोध गरे । अन्त्यमा मिसिनेरीले आफूसँग सँगै जान आग्रह गरे दश दिन सम्म सँगै प्रार्थना गरेर उनी त्यस ठाउँबाट अर्को ठाउँमा गए । त्यसपछि त्यहाँका सबै विरोध गर्ने मानिसहरूले प्रभुलाई स्विकार गरेपछि त्यो गाउँ नै पूर्ण रूपमा इसाइ भयो र ठूलो चर्चको स्थापना भयो ।

कहिलेकाहीँ प्रार्थना गर्नु प्रचार गर्न भन्दा गाह्रो काम हो किनकी हिलोमा जोत्नु भन्दा गहुँको खेती गर्नु गाह्रो हुन्छ । तर फसल तयार भएपछि आफ्नो कडा परिश्रमलाई सम्झदा आनन्द आउछ । खेती लगाउनलाई जति गाह्रो हुन्छ, खेती भित्र्याउनलाई उत्तिकै आनन्द हुन्छ । छ महिना लगाएर खेतमा खेती तयार हुन्छ भने दुई घण्डामा नै यसलाई भित्र्याउन सकिन्छ । त्यसैले रुदै रोप्नेले खुसी साथ बटुल्ने छ भनिएको हो ।

प्रार्थना र वचनको सेवकाइको सम्बन्धमा पनि यहि कुरा लागु हुन्छ तर टुक्रिएको जमिनमा लगाइएको बिरुवा तयारी बनाइएको माटोमा वा फसल दिने जमिनमा परेको हुन्छ, जुन बिरुवाले सोचेको भन्दा बढी फल ल्याउछ । यहाँ कुरा स्वर्गको राज्यको बारेमा छ । पवित्र आत्माले ति व्यक्तिहरूको निम्ति हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ । उहाँलाई प्रार्थना गर्न र हृदयमा ग्रहण गर्न वचनद्वारा तयार पार्नुहुन्छ । कसै कसैको हृदय प्रार्थनाले उत्तेजीत भएर खुसीसाथ परमेश्वरको वचनलाई ग्रहण गर्दछ र उनीहरूले परमेश्वरलाई स्विकार गर्दछ । "तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए ।" (प्रेरित २ : ४१)

# परमेश्वरको वचनले आत्मिकी नयाँपन ल्याउँदछ

## The word of God Brings Spiritual Renewal

**By Ruth Paxon**

आत्मिकी मानिसले दिनदिनै परमेश्वरको नयाँपन चाहन्छ । उसले बनावटी कुरामा भन्दा बढ्ता परमेश्वरको वचनमा ध्यान दिन्छ र भर पर्दछ । परमेश्वरले उसको नयाँपन जुटाउनु हुन्छ, परमेश्वरको साँचो वचन प्रचार गर्ने व्यक्ति उहाँकै वचनद्वारा शुद्ध भएको हुन्छ । परमेश्वरको साँचो वचनमा हिँड्नेलाई उहाँले आफ्नो शक्तिले भरिपूर्ण पार्नुहुन्छ । परमेश्वरको वचन पढ्नु भनेको उहाँको आत्मिकी शक्तिमा अझ झन् बढ्दै जानु हो । "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो ।" (यूहन्ना १७: १७) "येशूले आफूमाथि विश्वास गर्ने यहुदीलाई भन्नुभयो, तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ ।" (यूहन्ना ८:३१)

होसियारसँग परमेश्वरको वचनलाई अध्ययन गर्न सक्यो भने यसले हामीलाई नयाँ हुनलाई ऐनाले जस्तै छर्लङ्गै देखाइदिन्छ र हामीलाई हाम्रो जीवनमा नयाँ हुँदै अगाडि बढ्न सहायता पुग्दछ ।

**वचनले ऐनाले जस्तै देखाइदिन्छः–**

"कुनै मानिसले परमेश्वरको वचन सुन्छ तर पालन गर्दैन भने त्यो एउटा यस्तो मानिस जस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ र त्यो आफै कस्तो थियो, तुरुन्तै बिर्सिहाल्छ । तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष पाउने छ ।" ( याकूब १ : २३ - २५) ।

जसले ऐना हेर्छ, त्यसलाई ऐनाले सम्पूर्ण छर्लङ्गै देखाइदिन्छ । त्यस्तै पवित्र बाइबल पनि मानिसको निम्ति ऐनाको जस्तै काम गर्दछ । यहाँबाट मानिसहरूको हृदयलाई परमेश्वरको तर्फबाट कस्तो छ भनेर जाँच्न सजिलो हुन्छ । हामीसँग आफ्नो आत्मिकी जाँच गर्नको निम्ति उहाँको पवित्र वचन हाम्रो हातमा छ । त्यसैले स्त्री पुरुष दुबैको लागि उनीहरूको जीवनमा लागेको दाग देखाउन र लागेको दागलाई मेटाउन साँचो वचनमा ध्यान दिएर मात्र सकिन्छ । जस्तै उदाहरणको लागि बाइबलमा हेर्दा, आकानको पाप, एलिजालाई निरुत्साहन बनाउने आत्मा, याकूबको परीक्षा, हननियाको सफिराको मूर्खता, पत्रुसको इन्कार, शाउलको आफ्नै पवित्रताको घमण्ड, इर्ष्या, अविश्वास र आफैले आफैलाई विचार पुऱ्याउने अथवा आफूले गरेको पाप वा अनैतिक कामलाई उहाँको वचनले देखाइदिएको र उनीहरू पश्चातापी बनी आफ्नो हृदयलाई सफा गरेको पाउँदछौँ । बाइबलको काम अनैतिक काम गर्नेहरूलाई स्पष्ट देखाउने गर्दछ । यसले हामी को हौँ भन्ने स्पष्टसँग देखाइदिन्छ ।

तर यो त्यहाँ रोकिँदैन । यसले मानिसलाई पूर्ण दर्शनतिर लैजान्छ र मानिसको हृदयमा परमेश्वरको वचनले काम गर्न थाल्दछ । परमेश्वरको महिमाको निम्ति जसरी परमेश्वर ज्योति हुनुहुन्छ, त्यसरी नै मानिसले त्यो ज्योति ऐनाले झैँ अरुलाई देखाउँदछन् । "जुन परमेश्वरले अँध्यारोबाट ज्योति चम्कोस् भन्नुभयो । उहाँ हाम्रो हृदयमा चम्कनुभएको छ ताकि परमेश्वरको महिमाको ज्ञानको ज्योति खीष्टको मुहारमा चम्कोस् ।" (२ कोरिन्थी ४ : ६) बाइलबलले हामीलाई यही चुनौती दिँदैछ कि जसले परमेश्वरको वचन राम्रोसँग अध्ययन गरेको छ, त्यसबाट त्यो परावर्तन भएर अरुलाई पनि ज्योति दिएको हुन्छ, त्यसले साँचो दर्शन पाउँदछ र त्यो व्यक्ति, धेरै मानिसहरूको निम्ति ढोका बनेको हुन्छ र येशूको चित्रण गरिरहेको हुन्छ ।

**वचन शुद्ध र सफा गर्ने पानी होः–**

"पति हो, आफ्ना पत्नीलाई प्रेम गर, जसरी खीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो । यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकुन् ।" (एफिसी ५ : २५ - २६) "मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ ।" (यूहन्ना १५ : ३) "जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ ? तपाईंको वचन अनुसारको जीवन बिताएर नै हो ।" (भजनसङ्ग्रह ११९ : ९)

पवित्र धार्मिक स्थानमा हिँड्नुलाई हामीहरू पवित्र भएर जीउनु पर्छ । हामी हाम्रो पापबाट फर्कनुपर्छ त्यो गर्न परमेश्वरले हामीलाई आफ्नो वचन दिनुभएको छ जसले हामीलाई सफा र शुद्ध राख्न मद्दत गर्दछ । पुरानो करारमा पुजारीहरूले बलिको रगतले शुद्ध बनाउँथे र त्यो रगत आफ्नो ढोकाहरूमा छर्केर आफ्नो घरलाई शुद्ध गर्ने चलन थियो तर अहिले परमेश्वर पिताले आफ्नो एक मात्र पुत्र येशू खीष्ट दिनुभएर उहाँको रगतले हामीलाई वचनद्वारा पवित्रआत्माले सबै शुद्ध र सफा बनाउनुभएको छ । हामीले त्यो वचनलाई

ध्यान दिएर अध्ययन गर्नु अति नै आवश्यक हुन्छ। ख्रीष्टियन जीवनलाई सफा र पवित्र राख्नको लागि उहाँको वचनमा ध्यान दिनु र जीवनमा लागू गर्नुपर्छ। तब मात्र हाम्रो हृदयलाई काम गर्छ। जसरी पानीले मैलो कपडा अथवा सबैथोकलाई सफा गर्न मद्दत गर्दछ, त्यसरी नै परमेश्वरको वचनले पनि हाम्रो जीवनमा लागेका दागहरू सफा गर्न सहायता गर्दछ।

**वचन भोकाको निम्ति असल खाना हो:–** परमेश्वरको वचन नयाँ जन्मेको बालकको निम्ति दूध जस्तै हो। यसले मासुले जस्तै शक्ति र मह जस्तै गुलियो दिने हुन्छ।

"नयाँ जन्मेको बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौ।" (१ पत्रुस २ : २)

"खँदिलो भोजन त परिपक्व मानिसहरूको निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्टाउन सक्ने भएको हुन्छ।" (हिब्रू ५ : १४) " सुनभन्दा पनि ती बढी चाहना गर्ने योग्य छन्, निखुर सुन भन्दा पनि ज्यादै बढी चाकाबाट टप्कने महभन्दा बढी गुलिया।" ( भजनसङ्ग्रह १९:१०)

जुन मानिसले परमेश्वरको वचनको अनुभव गर्दछ, त्यो बलियो हुन्छ, तर जसले यसलाई बेवास्ता गर्दछ, त्यो सधैँ कमजोर हुन्छ। दुबै बलियो र कमजोरलाई कसरी हामी आत्मिकी खाना खाएका छौँ त्यसमा भर पर्दछ।

हामी ख्रीष्टियनहरूले परमेश्वरको वचनलाई होशियारपूर्वक खाएनौं भने विभिन्न प्रकारका रोगहरू लाग्न सक्छ। ऊ परिक्षामा विजय हुनलाई शक्तिहीन हुन्छ, आत्मिकी आँखा बन्द भएकाले कुनै ठीक-बेठीक छुट्याउन सक्दैन, र पाप गर्नमा विजय हुनको निम्ति ऊसँग शक्ति हुँदैन। शैतानिक कार्यमा विजय हुन ऊ थाकेर शिथिल भएको हुन्छ। उसले आफ्नो शारीरिक जीवनलाई पनि बचाउन सकेको हुँदैन। आफ्नो शरीरलाई माया गर्दैन, साथै उसले संसारमा जीवन रहनुको महत्व अर्थहीन सम्झेको हुन्छ।

जो मानिस परमेश्वरको वचनले उत्प्रेरित भएको हुन्छ, त्योसँग माया हुन्छ, परमेश्वरको अनुग्रह थाहा गरेको हुन्छ, ऊसँग परमेश्वरको शक्ति हुन्छ। जसले गर्दा उसले ठीक गवाही र साक्षी दिन सक्छ।

कहिलेकाहीँ ख्रीष्टियन कामदारहरूले आफ्नो शक्ति गुमाएका हुन्छन्। यो हुनुको अरु कुनै पनि कारण होइन, केवल बाइबलको बेवास्ता गर्नु हो। उहाँको व्यवस्थालाई बास्ता नगर्दा उनीहरूले सुख र शान्ति गुमाएका हुन्छन्। जति हामीले परमेश्वरको वचनलाई महत्व दियौँ, त्यति उहाँले हाम्रो जीवनमा आशिषले भर्नुहुन्छ र जीवनको ऊर्जा थपिदिनु हुन्छ। शरीरमा थप शक्ति बढ्दै जान्छ। परमेश्वरको वचन कोरिन्थीमा पावलले यसरी लेख्दछन्- "मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो।" (१ कोरिन्थी २:४)।

**वचन पथप्रदर्शनको निम्ति ज्योति हो:–** "तपाईंको वचन मेरो गोडाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो।" (भजनसङ्ग्रह ११९ : १०५)। ख्रीष्टियनहरूलाई सधैँ शैतानले दुःख दिन्छ र परीक्षामा पारिरहन्छ। त्यसैले दाऊदले यसरी भन्दछन्, "दुष्टहरूले मेरो निम्ति पासो थापेका छन् तर तपाईंका आदेशहरूबाट म बरालिएको छैन।" (भजनसङ्ग्रह ११९ : ११०) "र तिनीहरूले चेतना पाएर दियाबलसको पासोबाट उम्कने छन्, जसले तिनीहरूलाई त्यसको इच्छाअनुसार चल्नलाई कैद बनाएको छ।" (१ तिमोथी २ : २६)।

बाइबलले भन्दछ- साँघुरो ढोका सजिलो हुँदैन तर फराकिलो ढोका सबै कुराको लागि सजिलो हुन्छ। त्यो समयमा ख्रीष्टियनहरू थोरै थिए, सबैतिर कष्टै कष्ट थियो। जब मानिसहरू कष्टले र डरले यता उता छरपष्ट भए तब धेरै मानिसले सुसमचार सुन्ने मौका पाए । त्यस्तो समयमा सबै उहाँको मार्गमा हिँड्नको निम्ति ज्योतिको आवश्यक हुन्छ। तर यहाँ दाउदले भनेको मेरो प्रत्येक पाइला-पाइलामा परमेश्वरको ज्योतिको आवश्यक छ। जीवनका पाइलामा बत्तीको उज्यालोले कुनै कुरा देख्न सक्यौँ भने अगाडि बढ्न सजिलो हुन्छ। त्यसैले त्यो उज्यालो पाउने स्रोत ख्रीष्ट येशू हुनुहुन्छ। उहाँलाई देख्न र अनुभव गर्न उहाँको वचनको खाँचो हुन्छ। जसले वचन पढ्दछ त्यसको निम्ति बाटोमा बत्तीको काम हुन्छ। परमेश्वरको इच्छामा हिँड्नलाई गोडाको निम्ति बत्तीको आवश्यक भएको हो। "तपाईंको वचन अनुसार मेरा पाइलाहरू स्थिर गरिदिनुहोस् र कुनै पापले ममाथि राज्य गर्न नपाओस्।" (भजनसङ्ग्रह ११९ : १३३)। "त्यसको हृदयमा त्यसको परमेश्वरको व्यवस्था हुन्छ। त्यसका खुट्टा चिप्लिदैनन्।" (भजनसङ्ग्रह ३७:३१)। हामी इसाइहरूले जीवनमा गर्ने हरेक निर्णयहरूलाई पूर्णरूपमा परमेश्वरमा भर पर्‍यौँ अथवा उहाँको वचनले देखाएका मार्गहरू अनुसार चल्यौँ भने उहाँले हामीलाई बचाउनु हुन्छ। उहाँको वचनले हामीलाई शिक्षा दिन्छ, ठीक मार्गमा हिँड्नलाई मार्गदर्शन गर्दछ। "सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ। ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्णरूपले सुसज्जित भई सिद्ध भएको होस्।" (२ तिमोथी ३ : १६ - १७)

**वचन धनसम्पत्ति हो:–** "जसरी लुटको ठूलो धन पाउने व्यक्ति रमाउँछ,

म तपाईंको प्रतिज्ञामा हर्षित हुन्छु ।" (भजनसङ्ग्रह ११९ : १६२) विश्वासीहरूलाई सबै कुरा परमेश्वरको वचनको प्रतिज्ञामा रहन र खुसी हुन बताउँदछ, त्यो पवित्र आत्माद्वारा मात्र सम्भव छ । त्यहाँ परमेश्वरमा आत्मिकी नयाँपन नै उहाँमा भएको धन हो । तर "येशू ख्रीष्टमा नै ज्ञान र बुद्धिका सारा सम्पत्ति छिपेका छन् ।" (कलस्सी २ : ३) उहाँले आफ्नो महिमामा उहाँको सम्पत्ति अनुसार हरेक खाँचो पूरा गरिदिनु हुन्छ । (फिलिप्पी ४ : १९, एफिसी १:७) जब हामी पवित्र शास्त्रलाई पढ्दछौँ, पवित्र आत्माले हामीलाई सबै धन सम्पत्तिको बाटो खोलिदिनुहुन्छ । त्यसैले उहाँले हामीलाई हाम्रो जीवनमा दिनुभएका सबै खुसीका कार्यहरू सबै नै हाम्रो जीवनको धनसम्पत्ति हो । सुस्वास्थ्य दिनुहुन्छ, त्यो पनि हाम्रो सम्पत्ति हो । स्वयं मानिसले शारीरिक धन पनि कमाउनु सक्छ साथै आत्मिक धन पनि कमाउन सक्छ ।

**परमेश्वरको वचन न्याय होः-** "किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ र कुनै पनि दुईधारे तरबारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसको जोर्नी-जोर्नी र हाडको गुदीसम्म भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।" (हिब्रू ४:१२) ग्रीकमा Kritikos (कर्टिकोस) को अर्थ न्याय भन्ने हुन्छ । मानिसको हृदयलाई छियाछिया हुने गरेर घोच्ने अरु कुनै पनि थोक छैन । केवल परमेश्वरको साँचो वचन मात्र हो । बाइबलले हामीलाई स्पष्ट के भन्दछ भने विश्वासीको विचार र काम गराइमा न्याय गरिने छ । भजनसङ्ग्रह लेखकले यसरी भन्दछन् कि, "हे परमेश्वर मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस् र मेरो चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस् ममा कुनै खराब चाल छन् कि र मलाई अनन्तको मार्गमा डोऱ्याइ दिनुहोस् ।" (भजनसङ्ग्रह १३९: २३ - २४) । परमेश्वरको सहयाताको धार्मिक न्याय हुन्छ भन्ने यी लेखकलाई थाहा थियो, त्यसैले उनले भन्दछन् मलाई हेर्नुहोस् र जाँच्नुहोस् । "म जीवित रहेँ र तपाईंको प्रशंसा गर्न सकूँ र तपाईंका नियमहरूले मलाई थामून् ।" (भजनसङ्ग्रह ११९: १७५)

परमेश्वरको धार्मिकताको न्याय प्रत्येक उहाँलाई ग्रहण गरी उहाँको सन्तान हुने हक र अधिकार पाएका व्यक्तिहरूमाथि समान प्रकारले हुनेछ । सबै जसले लामो समयदेखि उहाँको सेवा गर्दै आएका छन् या छोटो समय मात्र सेवा गर्ने मौका पाए, सबैलाई समान प्रकारको धार्मिक न्याय हुनेछ । उहाँले न्यायको दिनमा समय र कामलाई प्राथमिकता दिनुहुने छैन । उहाँले मानिसको हृदय हेरेर न्याय गर्नु हुनेछ । त्यसैले परमेश्वरको वचनलाई ध्यानसँग अध्ययन गरी त्यसले बताएअनुसार हामीले हाम्रो हृदयदेखि कार्य गर्नुपर्छ ।

**परमेश्वरको वचन हतियार होः-** " मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरबार लेओ, जो चाहिँ परमेश्वरको वचन हो ।" (एफिसी ६ : १७) आत्मिकी जगत्मा विश्वासीहरूलाई सधैँ अन्धकारको शक्तिले दुःख दिइरहेको हुन्छ । त्यसैले पावलले एफिसीको मण्डलीलाई आत्मिकी लडाईं लड्नको निम्ति पवित्रआत्माको तरबार लेओ भनेर उत्साह दिँदैछन् । अन्धकारको शक्ति सधैँ लेखकको विरुद्धमा थियो । उनले सधैँ सत्य कुरालाई आफ्नो सम्झनामा राखेका थिए । उनलाई सधैँ हतियारको खाँचो हुन्थ्यो । त्यसैले उनी आफू सधैँ तयारी रहन्थे । त्यसैले उनी सधैँ शैतानले उनको जीवनमा ल्याउने बाधालाई परमेश्वरको वचनको हतियारले ढाल्ने कोशिस गर्दथे ।

परमेश्वरको सन्तानलाई शैतानसँग लडाईं गर्न र जित्नको निम्ति एउटा मात्र उपाय हो-पवित्र आत्माको शक्ति । प्रभु येशू ख्रीष्ट परीक्षित हुँदा, आत्मामा भरिएर, "यसो लेखिएको छ" भन्नुभयो उहाँले यो शैतानले तीनचोटि दुःख दिँदा तीनै पटक प्रयोग गर्नुभएको थियो । त्यसपछि शैतान उहाँलाई छोडेर भागेको थियो ।

परमेश्वरको पुत्र उहाँको वचनले सुसज्जित हुनुहुन्थ्यो । त्यसैले उहाँले शैतानसँग बोल्ने बेलामा धर्मशास्त्रलाई खोतल्न र त्यसबाट खोज्न आवश्यक परेन । उहाँ तयार हुनुहुन्थ्यो, त्यस ठाउँमा त्यसै समयमा शैतानलाई उत्तर दिनुभयो, जब शैतानले उहाँलाई समात्यो । त्यस समयमा उहाँ अत्यन्त तयारी हुनुहुन्थ्यो, पवित्रआत्माले उहाँलाई के बोल्नुपर्छ सम्झना दिलाई दिनुभयो । परीक्षित भएको समयमा उहाँले हृदयमा राख्नुभएको परमेश्वरको वचन ठीक ठाउँमा ठीक प्रकारले प्रयोग गर्नुभयो । "तपाईंको विरुद्धमा पाप नगरुँ भनेर तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।" (भजनसङ्ग्रह ११९: ११) । यदि हामीले परमेश्वरको वचनलाई आफ्नो हृदयमा सुरक्षित राखेका छौँ भने अप्ठ्यारो परिस्थितिमा प्रयोगमा ल्याएर हाम्रो शत्रुको विरुद्धमा खडा हुनसक्छौँ । यदि हामीसँग वचन सुरक्षित छैन भने जब शैतानले हामीहरूलाई हमला गर्दछ त्यतिखेर हामी लुला-लङ्गडा जस्तै उसैको प्रयोगमा चल्नुपर्छ । लेखकले भन्दछन्, "अनि परमप्रभुका वचनहरू खोटरहित छन्, ती शुद्ध चाँदीजस्ता छन् । जो सातपल्ट माटोको भट्टिमा खारेर शुद्ध पारिएको छ ।" (भजनसङ्ग्रह १२:६) "परमेश्वरको हरेक वचन दोषरहित छन्, उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ । (हितोपदेश ३०: ५)

अहिले धेरै विश्वासीहरू राम्रोसँग आत्मिकी लडाईं लड्न नसकेको कारण फेल भएको पाइन्छ । परमेश्वरको वचनलाई राम्रोसँग अध्ययन नगरेको र ठीक ठाउँमा ठीक प्रकारले प्रयोग नगरेको

कारण शैतानले उनीहरूको जीवनमा हराउने मौका पाएको हुन्छ। विश्वासीहरूले परमेश्वरको वचन अध्ययन गर्नु एउटा कर्मचारीले कार्यालयमा गएर आफ्नो कर्तव्य निभाएको जस्तो ठान्दछन्। हाम्रो दैनिक जीवनमा यो गर्नैपर्ने भएकाले गरेको हो भन्ने सोचाइबाट गरिएको अध्ययनले हृदयमा राख्न सकिँदैन र ठीक समयमा प्रयोगमा पनि ल्याउन सकिँदैन। हृदयदेखि विश्वास गरेर ठीक ठाउँमा ठीक प्रकारले प्रयोग ल्याउनु नै परमेश्वरको वचनको हतियार प्रयोगमा ल्याउनु हो।

**परमेश्वरको वचन आगो हो यसले जलाउँछ पनि र तातो बनाउँछ पनि:–** "तर म उहाँको चर्चा गर्ने छैन म फेरि कहिल्यै उहाँको नाउँमा बोल्ने छैन भनी यदि म भन्छु भने उहाँको वचन मेरो हृदयमा जलिराखेको र मेरा हड्डीहरूमा थुनिराखेको आगोजस्तो हुन्छ। त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु, साँच्चै म त्यो थाम्नै सक्दिन।" (यर्मिया २०: ९)।

बाइबल आगो जस्तै हो यसले शुद्ध र पवित्र बनाउँछ। मानिसहरू परमेश्वरको अगाडि भस्म हुँदा दाउरा जस्तै हुन्छ। उहाँको वचन आगो जस्तो छ। (यर्मिया ५: १४, १ पत्रुस १:२२) त्यही समयमा परमेश्वरको वचन न्यानो र खुसीमय पनि छ जसले दुःख-कष्टमा परेकालाई सान्त्वना दिन्छ। "यसैकारण एउटाले अर्कोलाई यी वचनहरूले सान्त्वना देओ।" (१ थिसलोनिकी ४ : १८) "मेरो सङ्कटमा मेरो सान्त्वना यसैबाट छ। तपाईंको प्रतिज्ञाले मेरो प्राणलाई सुरक्षित राख्दछ।" ( भजनसङ्ग्रह ११९: ५०)।

**परमेश्वरको वचन चट्टानलाई फुटाउने घनजस्तै हो:–** "के मेरो वचन आगोजस्तै छैन र ? चट्टानलाई चुरचुर पार्ने के त्यो एउटा ठूलो घनझैं छैन र ? परमप्रभु भन्नुहुन्छ।" (यर्मिया २३ : २९)। जीवनको हरेक मोडमा परमेश्वरको वचनले विभिन्न प्रकारले प्रकाश दिई रहेको हुन्छ। हामी कुन बाटो जाने र कस्तो काम गर्ने त्यो उहाँले देखाई रहनुभएको हुन्छ। परमेश्वरलाई खुसी बनाउँदै आफ्नो बाटोमा हिँड्न सजिलो छैन। उहाँलाई रिझाउन उहाँको बाटोमा हिँड्नु पर्छ। उहाँको वचनले हाम्रो जीवनमा घनले जस्तै ठोकेर टुक्राटुक्रा पनि पार्न सक्छ। त्यसैले हाम्रो दैनिक कार्यमा आफू होसियार हुनु अति नै आवश्यक छ।

ख्रीष्टियनहरूको बुझाइमा सधैं परमेश्वरको प्रेम विस्तारै भइरहेको हुन्छ भन्ने हुन्छ। तर उहाँले हाम्रो हृदयमा उहाँप्रतिको झुकाव देख्नुभएन भने त्यसको विपरीत गर्नुहुन्छ।

**परमेश्वरको वचन बीऊ हो:–** "अब दृष्टान्त यो हो बीऊ चाहिँ परमेश्वरको वचन हो।" (लूका ८ : ११) बीऊ आफै सानो हुन्छ। जब त्यो उम्रेर बढ्दछ र फल दिन्छ, यसले हजारौं गुना बनाउँदछ। तर यसलाई ठीक मलिलो माटोमा रोप्नुपर्छ र सुहाउने मल-जल दिनुपर्छ अनि मात्र यो बिरुवा या रुख बन्दछ। परमेश्वरको वचन पनि बीऊ हो। यसलाई मलीलो माटोमा पर्न दिनुहोस्, प्रशस्त अरु बीऊहरू उमार्न सकोस्, "मेरो वचन जीवन हो।" यसलाई मानिसको हृदयमा छर्न दिनोस्, त्यसले पवित्र आत्माको शक्तिद्वारा नयाँ जीवन पाओस्। यसले फूल दिनभन्दा पहिले त्यो मानिसको हृदयलाई काम गरोस् साथै मानिसको जीवन परिवर्तन गरोस्। "यसैकारण सबै फोहर कुरा र समस्त दुष्टतालाई हटाओ र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ।" (याकूब १: २१)

अर्को कुरा, बीऊलाई छरेर छोडिदिएर मात्र पुग्दैन। त्यसलाई सधैं गोडमेल गर्नुपर्छ। मल-जल गर्नुपर्छ, यदि बीऊ जमिनमा रहेन भने उम्रन र फल दिन सम्भव हुँदैन। बीऊ जमिनमा रहेर कुहेपछि मात्र उम्रिन थाल्छ। त्यस्तै परमेश्वरको वचन पनि जब हाम्रो हृदयमा आउँदछ। हाम्रो हृदयले स्वीकार गर्नुपर्छ र काम गर्न दिनुपर्छ। अनि मात्र जीवनमा फल फल्न सुरु गर्दछ। त्यसको लागि हामी सधैं परमेश्वरको वचन पढ्नु पर्छ र यसलाई धारणा गर्नुपर्छ अनि मात्र फल फल्दछ। "आहा तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु। दिनभर म तिनमाथि मनन गर्दछु।" (भजनसङ्ग्रह ११९: ९७) "तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने तिमीहरूलाई जे इच्छा लाग्छ माग र त्यो तिमीहरूका निम्ति गरिनेछ।" (यूहन्ना १५: ७)

सांसारिक मानिसले जस्तै, बाहिरी देखावटी गर्ने, बुद्धिको कमजोरी, कुनै मूल्य नभएको गवाही, खुसी नभएको आराधना, अर्थ बिनाको सेवा, शक्ति विनाको प्रार्थना हुनु भनेको परमेश्वरको वचन विनाको काम हो। परमेश्वरको वचनले तिनीहरूको जीवनमा काम नगरेको हो। "म जान्दछु तिमीहरू अब्राहमका सन्तान हौ। तर तिमीहरू मलाई मार्न खोज्दछौ, किनभने मेरो वचनले तिमीहरूमा स्थान पाउँदैन।" (यूहन्ना ८: ३७)। तर जब परमेश्वरको वचनले ठीक समयमा हाम्रो जीवनमा काम गर्दछ। यसले विजयी ल्याउँदछ। असल गर्न, परिवर्तन हुन बेठीक काममा सहभागी नहुन अरुको कुरा काट्ने काममा सहभागी नहुन आदि काम बेठीक हो भन्ने कुरा परमेश्वरले सम्झना दिलाइ दिनुहुन्छ।

जब परमेश्वरको वचनले हाम्रो जीवनमा असल प्रकारले काम गर्दछ। मानिसको सम्पूर्ण जीवन परिवर्तन हुन्छ, सोचाइ परिवर्तन हुन्छ, यसको असर व्यक्तिगत जीवनमा, परिवारमा, मण्डलीमा समाजमा र देशमा नै पर्दछ। ऊ एउटा असल नागरिक बनेर जीएको हुन्छ। यो सबैबाट परमेश्वरलाई महिमा मिलेको हुन्छ। F.E. Marsh the spritual life.

# पवित्र आत्माले विश्वस्त पार्छ

## The Holy Spirit Produces Conviction

– RA Torrey (1856 – 1928)

पवित्र आत्मासँग मानिसजातिलाई येशू ख्रीष्ट र उहाँको महिमा प्रकट गर्ने शक्ति छ । जब येशूले आत्माको आगमनको कुरा गर्नुभयो, उहाँले भन्नुभयो, "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ ।" (यूहन्ना १५:२६) उहाँ ख्रीष्टको गवाही दिनुहुन्छ कि मानिसहरूमा ख्रीष्टको साँचो ज्ञान आओस् । हामीले ख्रीष्टको बारेमा वास्तविक जीवित ज्ञान पवित्र आत्माद्वारा मात्र प्राप्त गर्न सक्छौ ।"यसकारण तिमीहरूले यो कुरा बुझेको म चाहन्छु कि परमेश्वरका आत्माद्वारा बोल्ने कसैले येशू श्रापित होस भन्दैन, अनि पवित्र आत्माद्वारा येशू नै प्रभु हुनुहुन्छ भन्न सक्छ । (१ कोरिन्थी १२ : ३)

यदि तपाईं येशू ख्रीष्टको सत्य ज्ञान मासिनहरूले प्राप्त गरेर उहाँमाथी विश्वास गरेको र मुक्ति पाएको चाहानुहुन्छ भने तपाईंले उनीहरूको निम्ति पवित्र आत्माको गवाही खोज्नु पर्छ । तर जबसम्म पवित्र आत्माले तपाईंको गवाही प्रयोग गर्नु हुँदैन ति मानिसहरूले विश्वास गर्न सक्दैनन् । पेन्टिकोष्टमा यहूदीहरूलाई ख्रीष्टको बारेमा विश्वस्त पर्ने केवल पत्रुसका शब्दहरूमात्र थिएनन् । यो त पवित्र आत्मा आफैले साक्षी दिइरहनु भएको थियो । यदि तपाईंले मानिसहरूलाई येशूको बारेमा सत्यता जानेको चाहनुहुन्छ भने आफ्नै अभिप्राय र क्षमतामा भर नपर्नुहोस्, तर आफूलाई पवित्र आत्मामा समर्पण गर्नुहोस र उहाँको गवाही खोज्नुहोस् ।

### पवित्र आत्माले दोषी ठहराउनुहुन्छ

अब हामी यूहन्ना १६ : ८ - १२ लाई हेरौ : "अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसार लाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ । पापको विषयमा, किनभने तिनीहरू ममाथी विश्वास गर्दैनन् । धार्मिकताको विषयमा, म पिताकहाँ जान्छु र तिमीहरू मलाई फेरि देख्नेछैनौ । र न्यायको विषयमा, किनभने यस, संसारको शासकलाई दण्डाज्ञा भएसकेको छ ।" पवित्र आत्माले यो संसारलाई पापको शक्तिले भरिपूर्ण भएको भनेर देखाउन सक्नुहुन्छ । येशू ख्रीष्टले उहाँको महिमा र उहाँको धार्मिकता देखाउदा पवित्र आत्माले पाप, धार्मिकता र न्यायको दोषी प्रमाणीत गर्नुहुन्छ । पवित्र आत्माले ठहराउनु भएको पापलाई याद गर्दा हामीहरूलाई यो थाहा हुन्छ कि पापको कारणले येशू ख्रीष्टमाथि कसैले पनि विश्वास गरेनन् । यो हामी पेन्टिकोष्टको दिनमा भएको पाउँदछौ । प्रेरित : २ : ३६-३८ मा यसरी लेखिएको छ, "यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस् कि येशू जसलाई तपाईंहरूले क्रूसमा राख्नुभयो परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनु भयो । यो कुरा सुनेर तिनीहरूको हृदय छिया छिया भयो, अनि पत्रुस र अरु प्रेरितहरूलाई तिनीहरूले भने, ए भाइ हो, हामीले के गर्ने ? पत्रुसले तिनीहरूलाई भने, पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ ।"

तपाईं कुनै पनि मानिसलाई पापको दोषी ठहराउन सक्नुहुन्न किनकी यी पवित्र आत्माको काम हो । तपाईंले विभिन्न किसिमका तर्कहरू दिन सक्नुहुन्छ तर असफल हुनुहुनेछ । पवित्र आत्मा आफैले यसको बारेमा साक्षी र गवाही दिनुहुन्छ । पवित्र आत्मा आफैले यसको बारेमा साक्षी र गवाही दिनुहुन्छ । के कहिल्यै यस्तो अनुभव गर्नुभएको छ ? पवित्र बाइबल धर्मशास्त्रमा एक खण्ड पछि अर्को खण्डले उहाँलाई मानिसहरूले अपमान गरेको देखाउँदछ तर त्यो मानिसलाई किन परमेश्वरले सिध्याउनु भएन होला भनेर छक्क पर्नुहुन्छ होला । अचानक तपाईंलाई यस्तो भान पनि हुन सक्छ म आफ्नो सहायताको लागि शक्तिशाली आत्मा तिर हेर्दिन । यस्तो किसिमको मानिसलाई दोषी ठहराउनलाई परमेश्वर आफैले सम्झाउन कोसिस गर्नुहुन्छ । यदि त्यसो हो भने तपाईंले आफैलाई पवित्र आत्मामा सुम्पिदिनु होस् ताकि उहाँले तपाईंको जीवनमा असल कामहरू गर्न सक्नुहुन्छ र तपाईंको जिवनमा विश्वस्तताले जरा गाड्दछ । तपाईंको जीवनमा भएको सबै लापरवाहीहरूलाई विश्वस्त तुल्याउन

नियमित बाइबल पढ्ने बानी बसालौं

बारम्बार अनुभवमा प्रमाणीत गरिदिनुहुन्छ ।

हामी यो जान्छौ कि पवित्र आत्माले विश्वास उत्पन्न गराउँदछ । हामीलाई बाइबलले यसरी भन्दछ, "तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु म जान मानै तिमीहरूको हित छ किनभने म गइन भने सल्लाहकार तिमीहरू कहाँ आउनुहुने छैन । तर गएँ भने म उहाँलाई तिमीहरू कहा पठाइदिनेछु । अनि जब उहाँ आउनुहुन्छ उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ ।" (यूहन्ना १६ : ७ - ८) यो पत्रुस र अरुहरूलाई पठाइएको आत्मा थियो जसले पेन्तिकोष्टको दिनमा थुप्रै मानिसहरूले खीष्ट येशूलाई विश्वास गरे र तिन हजार जनाले बप्तिस्मा लिए । अरु बाँकीहरू दोषी ठहरिए । वचन प्रचार गर्नु र पवित्र आत्मालाई हेर्नु हाम्रो विश्वास हो । प्रेरित २ अध्यायको ४ देखि ३७ सम्म हामीले यो कुरा देख्न सक्छौ ।

### आत्मा पुनजीवित हुन्छ

तीतस ३ : ५ मा यसरी लेखिएको छ, "तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन तर उहाँको आफ्नै कृपा अनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नविकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।"

पवित्र आत्मासँग मानिसहरूलाई नविकरण गर्ने वा नयाँ बनाउने र नयाँ जन्म दिन सक्ने शक्ति छ । पुनर्जीवन पवित्र आत्माको काम हो । उहाँले पाप र पापमा मरेको मानिसलाई लैजान सक्नुहुन्छ र जिवित तुल्याउन सक्नु हुन्छ । उहाँले उसको मनलाई परमेश्वर तिर फकाउनु हुन्छ । जस्को इच्छा परमेश्वर सँग दुस्मनी हुन्छ र पापमा अडिक रहन्छ, जस्को श्रेह भ्रष्ट र कुटिल हुन्छ, त्यस मानिसलाई परिवर्तन गर्नुहुन्छ र उसलाई परमेश्वरको स्वभाव प्रदान गर्नुहुन्छ । साथै उसका विचारहरू परमेश्वरको इच्छामा मिलाप गराउदै परमेश्वरलाई मनपर्ने कुरालाई प्रेम गर्दछ र परमेश्वरलाई घृणा गर्नेहरूलाई घृणा गर्दछ । पवित्र आत्माले नयाँ शक्ति प्रदान गर्नुहुन्छ भन्ने बारेमा म कहिल्यै कसैलाई निरुउत्साह गर्न पनि सक्दिन किनकी मैले यो अति कठोर र निरासजनक घटनाहरूमा बारम्बार प्रकट भएको देखेको छु ।

## बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

## प्रार्थना गरौं

- संसारभरि फैलिएको कोरोना (कोभिड १९) को प्रकोपबाट छिट्टै मुक्ति पाई विश्व मानवसमाज सामान्य अवस्थामा फर्कन सकेको होस् ।
- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)


### विशेष धन्यवाद

**पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

### स्थानीय वितरक

**रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, सी.बी. लोप्चन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल



प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त



**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 01- 4382442**



**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**